कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

## कृषि विकास कार्यक्रम संचालनका लागि सूचिकृत हुने तथा निवेदन पेश गर्ने सम्वन्धी

सूचना नं. ४

सूचना। सूचना।। सूचना।।।

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/३१**

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक समुह, सहकारी संस्था, व्यवसायीक कृषि फर्म/कृषि उद्योग/कृषि सामग्री सप्लायर्स र दर्तावाला कृषि उपभोक्ता समितिबाट निवेदन/प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०८२/०७/२०गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजातहरु संलग्न राखी सूचिकृत हुनुका साथै कार्ययोजना सहितको निवेदन/प्रस्तावना पेश गर्नहुन अनुरोध छ। सूचनाको अन्तिम दिन यदि कुनै सार्वजनिक विदा पर्न गएमा सो विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गर्न सकिने व्यहोरा सम्वन्धित सवैका जानकारीका लागि सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएका योजनाको निवेदन उपर कुनै कार्वाहि नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

**कार्यक्रम सम्वन्धी थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी - ९८५८३६६२२७ र कार्यालयको वेबसाइडः adojumla.gov.np मार्फत जानकारी लिन सकिनेछ।**

<u>तपसिलः</u>

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वजेट रु. हजारमा | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|
| क. | प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली विकास कार्यक्रम | | |
| १. | भर्मिकम्पोस्ट वेड निर्माण तथा भर्मी कम्पोस्ट उत्पादन कार्यक्रम | ६०।- | ✓ अर्गानिक तरकारी खेती गरिरहेको समुह र सहकारी<br>✓ गाईभैसी पालिरहेको कम्तीमा १५ घरधुरी भएको टोल |
| ख. | कृषि तथा पशुपंक्षी स्रोत केन्द्र विकास कार्यक्रम | | |
| १. | मार्सीधान बीउ उत्पादन श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम (पातारासी गा.पा.र तातोपानी गा.पा.) | १०००।- | ✓ स्पष्ट व्य.कार्ययोजना सहितको प्रस्तावना<br>✓ सामुहिक रुपमा कलष्टरमा कम्तिमा १ हेक्टरमा खेति गरिनेलाई प्राथमिकता दिईने<br>✓ प्राविधिक दृष्टीकोणले उपयुक्त ।<br>✓ वालीको जात, गुणस्तर तथा वजारीकरणमा सुधार । |

२०८२/०६/३१
रामभक्त अधिकारी
कृषि अर्थ [illegible] (सातौं)
निमित्त कार्यालय प्रमुख



क्रमशः

CS CamScanner

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, जुम्ला

| | | | |
|---|---|---|---|
| २. | स्याउ/ओखर नर्सरी श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम | १०००।- | ✓ स्पष्ट नर्सरी सम्वन्धि व्य.योजना सहितको प्रस्तावना ।<br>✓ विरुवा उत्पादन गरि बिक्री वितरण गरिरहेको<br>✓ प्राविधिक दृष्टीकोणले सुदृढीकरण गर्नुपर्ने। |
| ग. कृषि यान्त्रिकरण कार्यक्रमकार्यक्रम | | | |
| १. | कृषि यान्त्रिकरण कार्यक्रम | १०००।- | ✓ व्यवसायिक रुपमा खेति गर्ने समुह र सहकारी<br>✓ स्पष्ट निर्णय सहितको सामुहिक कार्ययोजना।<br>✓ प्राविधिक रुपमा थ्रेसर, कम्माईन मिल, पावरटेलर तथा अन्य मेशिनरी उकरणको आवश्यक भएको। |

**आवश्यक कागजातहरु:**

१. कार्यक्रममा निवेदन दिनका लागि सूचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धी अनुसूचि-४ अनुसारको रु १० को टिकट सहितको निवेदन र कृषि व्यवसाय योजना तथा प्रतिबद्धता पत्र
२. कार्यक्रम माग सम्बन्धी कृषक समुह तथा कृषि सहकारीको निर्णयको प्रतिलिपी ।
३. नविकरण भएको संस्था दर्ता प्रमाण - पत्रको प्रतिलिपी
४. गत आ.व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी
५. कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी लालपुर्जा+जग्गाको ट्रेस नक्शा र कलष्टरमा खेति गरिने जग्गाको कित्ता न सहितको चारकिल्लाको विवरण ।
७. कार्यविधि अनुसार निवेदन दर्ता गर्दा ५ लाखसम्मको प्रस्तावनामा रु १०० र सोभन्दा माथिको प्रस्तावनामा रु ५००। को राजश्व जम्मा गरेको भौचर ।

(राजश्व शिर्षक नं १४२२९ अन्य प्रशासनिक सेवा शुल्क कार्यालयकव कोड नं ३१२०१६२०२६ कार्यालय कृषि विकास कार्यालय जुम्ला) कार्यालयको कोड नंअन्य सेवा शुल्क खर्च शिर्षक नं. १४२२९

८. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
९. माथि उल्लेखित सम्पूर्ण कागजातमा छाप लगाई प्रमाणित गरेको हुनुपर्नेछ ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ भने अन्य कुनै निकायवाट अनुदानको सहयोग लिएको तथा गत आ.व. मा पनि एउटै प्रकृतिको कार्यक्रमको अनुदान पाएको भनि जानकारी हुन आएमा स्वतह रद्द गरिनेछ।

२०८१।३१

रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सातौं)
निमित्त कार्यालय प्रमुख